# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

(ECHO GROUP)

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXII | YEAR OF OUR LORD JESUS CHRIST, FEBRUARY 2022 | No. 2


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**



### परमप्रभुको प्रशंसा

**भजनसंग्रह २०:१-९**

१. सङ्कष्टको दिनमा परमप्रभुले तपाईंलाई उत्तर देऊन्, याकूबका परमेश्वरको नाउँले तपाईंलाई सुरक्षा देऊन् ।

२. उहाँले पवित्रस्थानबाट तपाईंलाई सहायता पठाऊन् र सियोनबाट तपाईंलाई सहारा देऊन् ।

३. उहाँले तपाईंका सबै बलिदानहरूको सम्झना राखून् र तपाईंका होमबलि ग्रहण गरून् । सेला

४. उहाँले तपाईंको मनोरथ पूरा गरून् र तपाईंका सबै योजनाहरू सफल गराऊन् ।

५. तपाईंको विजयमा हामी आनन्दले जयजयकार गर्नेछौं र हाम्रा परमेश्वरको नाउँमा हामी आफ्ना झन्डा उच्च पार्नेछौं । परमप्रभुले तपाईंका सबै बिन्ती पूरा गरिदेऊन् ।

६. अब मलाई थाहा भयो कि परमप्रभुले आफ्नो अभिषिक्तलाई सहायता गर्नुहुन्छ। उहाँले आफ्नो दाहिने बाहुलीको उद्धार गर्ने शक्तिद्वारा आफ्नो पवित्र स्वर्गबाट उनलाई उत्तर दिनुहुनेछ ।

७. कोही रथहरूमा र कोही घोडाहरूमाथि भरोसा गर्छन् तर हामी त परमप्रभु, हाम्रा परमेश्वरकै नाउँमा भरोसा गर्छौं ।

८. तिनीहरू रन्थनिएर जमिनमा लोट्नेछन् तर हामीहरू त खडा हुनेछौं र सोझा उभिनेछौं ।

९. हे परमप्रभु, राजालाई विजय प्रदान गर्नुहोस् । हामीले पुकार्दा हामीलाई उत्तर दिनुहोस् ।

## येशू ख्रीष्टको वंशावली किन अब्राहाम र दाऊदतिर मात्रै अगाडि बढ्छ ?

(Why the genealogy of Jesus Christ Precedes Abraham and David only ?)

**भाइ एम. पावलराज**


मत्ती १ अध्यायको पहिलो पदले यस्तो बताउँछः अब्राहामका पुत्र, दाऊदका पुत्र येशू ख्रीष्टको वंशावली: येशू ख्रीष्टको वंशावलीमा ४२ पुस्ताहरू समावेश भएका छन्, जुन अब्राहामबाट सुरु भएर योसेफसम्म रहेको छ । त्यसैले, ४२ पुस्ताहरूको श्रेणीबाट परमेश्वरले केवल तीन पुस्ताहरूलाई मात्रै छान्नुभयो, अब्राहाम, दाऊद र येशू ख्रीष्ट । त्यसैले, माथि दिइएका तीन वटा नामहरू अत्यन्तै महत्वपूर्ण छन् भन्ने कुरा अत्यन्तै महत्वपूर्ण छ । हो, यी नामहरू विशेष छन् र विशेष ओजोन भएका र महत्वपूर्ण छन् ! यी तीन महान् नामहरू अब्राहाम, दाऊद र येशू ख्रीष्टको बारेमा बिस्तृत रूपमा हामीले हेरौं ।

### अब्राहाम

अब्राम तेरहका छोरा थिए, जो कल्दीहरूको देश मेसोपोटामियाका बासिन्दा थिए । त्यो पूरै देश मूर्तिपूजकहरूले भरिएको थियो । तापनि, परमेश्वरले धर्मी मानिस अब्रामलाई छान्न प्रसन्न हुनुभयो र तिनलाई त्यो भूमिकाट निस्कन बोलावट दिनुभयो । तिनले पृथ्वीमा भएका समस्त कुलहरूलाई महान् र आशिष् दिनेछन् भनेर परमप्रभुले तिनलाई प्रतिज्ञा गर्नुभयो (उत्पत्ति १२:१-३, प्रेरित ७:२-४) । त्यो बोलावट अब्रामको लागि भए पनि तिनका बुबाले त्यो लिए र अब्राम, तिनका पत्नी साराई र नाती लोतलाई अगुवाइ गरे र कनानको मार्गमा पर्ने कल्दीहरूको उरमा केही समय बसोबास गरे । तिनीहरू करिब ३० देखि ४० वर्षसम्म हारानमा बसोबास गरे र धन कमाए । जब तेरह बिते, अब्रामलाई फेरि बोलावट आएको थियो (उत्पत्ति १२:१-३) । अब्रामले अझै पनि आफ्नी पत्नीको साथमा लोतलाई लगे ! परमेश्वरले दिनुभएको बोलावटमा यो विचलन थियो । परमेश्वर अब्रामसँग प्रसन्न हुनुहुन्थेन । त्यहाँ अन्यसँग मिसिँदा परमेश्वरले परिवारलाई आशिष् दिन सक्नुभएन । यहाँ केन्द्रित कुरा भड्किनेछ । चाहे त्यो परिवार होस् वा व्यापार । तैपनि परमेश्वर अब्रामसँग हुनुहुन्थ्यो । तिनको परिवार कनानमा प्रवेश गरेको थियो र शेकेममा बसोबास गरे । त्यसपछि तिनी बेथेलमा सरे र त्यहाँ आफ्नो पाल गाडे । परमेश्वर अब्रामकहाँ प्रक्ट हुनुभयो र कनानीहरूको देश तिनका सन्तानहरूलाई दिनेछु भनेर बताउनुभयो (उत्पत्ति १२:७) ।

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....



**"म मेरो निर्वासनमा गएका प्रजा इस्राएललाई फर्काएर ल्याउनेछु..." (आमोस ९:१४) ।**

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

**CHIEF EDITOR**
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

प्रभुमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँ महिमित भएको होस् । यो मासिक पत्रिका बोलावटको प्रतिध्वनिमार्फत् उहाँको नाउँमा तपाईंलाई अभिवादन गर्न पाउँदा हामी अत्यन्तै हर्षित छौं ।

परमेश्वरले डिसेम्बर २०२१ र जनवरी २०२२ महिनामा भएका हाम्रा सबै क्रियाकलापहरूमा आशिष् दिनु भयो । हामीले ख्रीष्टमस र नयाँ वर्षका बैठकहरूका साथमा बाल संगति सेवकाइ, नहेम्याह बाइबल कलेज, हिन्दी भाषामा अनलाइन कोर्समा आनन्द गरेका थियौं ।

हाम्रो हिन्दी कोर्सलाई हाम्रो प्रभुले आशिष् दिनुभएको छ, जुन ३ जनवरी २०२२ मा सुरु भएको थियो । धेरै विद्यार्थीहरूले सहभागिता जनाएका छन् र यो अनलाइन कोर्स आवश्यकतामा परेका उत्तर भारतका हिन्दी बोल्ने विद्यार्थीहरूको लाभको निम्ति संचालन गरिएको हो, जो नियमित कोर्सहरूबाट अध्ययन गर्न असमर्थ छन् ।



परमेश्वरले हामीलाई हाम्रो बाल संगति सेवकाइ संचालन गर्नको निम्ति अगुवाहरूको समूह दिनुभएको छ । सो समूहको तस्वीर तल प्रकाशन गरिएको छ । कृपया तपाईंको प्रार्थनामा उहाँहरूलाई सम्झिदिनुहोला ।

हामी विशेष गरी हाम्रा प्रिय पास्टर एम. मुथु, अध्यक्ष, नहेम्याह बाइबल कलेज र भाइ एम. पावलराज, सहसम्पादक, बोलावटको प्रतिध्वनि, परमेश्वरको विशेष छुवाइ र चाँडो निको हुनको निम्ति उहाँहरूको स्वास्थ्यको लागि प्रार्थना गर्न चाहन्छौं । उहाँहरू हाम्रा विभिन्न क्रियाकलापहरूका खामो हुनुहुन्छ ।

हामी तपाईंको निम्ति प्रार्थना गर्छौं र तपाईंको जीवनमा महान् थोकहरूका आशा गर्छौं । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858 E.mail : samselvaraj333@gmail.com

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

*पृष्ठ १ बाट*

अब्राम गाईबस्तु, चाँदी र सुनमा धनी भए। दिनहरू बित्दै गयो, अब्राम र लोत ठूलो संख्याको गाईबस्तुबाट आशिषित भए र तिनीहरूका गोठालाहरूका बीचमा प्रायः झगडा पर्थ्यो। त्यसैले, तिनीहरूले शान्तिरूपमा अलग हुने निर्णय गरे। लोतले सदोम र गमोराको उर्वर भूमि, यर्दनको बेसी छाने।

सदोम र गमोराका राजाहरूका विरुद्धमा केही पाँच जना राजाहरू आए र लोत, तिनकी पत्नी र तिनका सम्पत्तिको साथमा हरेक थोक लुटेर लगे। जब लोतलाई पनि कैद गरिएको थियो भनेर जब अब्रामले सुने, तिनले ३१८ जना आफ्ना तालिमप्राप्त सशस्त्र नोकरहरू लिए र दानसम्मै पिछा गरे। अब्राम र तिनको सेना रातको समयमा तिनीहरूका विरुद्धमा गए र तिनीहरूलाई आक्रमण गरे र तिनीहरूलाई दमास्कससम्मै लखेटे र लोतको साथमा सबै पुरुष र महिला र सामानहरू फिर्ता जिते।

तिनी फर्कँदै गर्दा बाटोमा शालेमका राजा र सर्वोच्च पूजाहारी मल्कीशेदेकले अब्रामलाई रोटी र पानी दिए र तिनलाई आशिष् दिए। अब्रामले आफूसँग भएका सबै थोकको दशांश दिए (उत्पत्ति १४:१६-२०)।

## यो मल्कीशेदेक को थिए

मल्कीशेदेक शालेमका राजा र सर्वोच्चका पूजाहारी थिए। अब्रामले आफूसँग भएका सबै थोकको दशांस तिनलाई दिए। तिनको नाम धार्मिकताका राजा भनेर पनि अनुवाद गरिएको छ अनि शालेमका राजाको रूपमा पनि, जसको अर्थ शान्तिका राजा हुन्छ। तिनी बिना बुबा, आमाका थिए, वंशावली नता तिनको सुरुवातका दिनहरू थिएन नता जीवनको अन्त्य तर परमेश्वरको पुत्रजस्तो बनाइएको थियो। तिनी निरन्तर पूजाहारीको रूपमा रहे। त्यसकारण, तिनी परमेश्वरले बनाउनुभएको धार्मिकताका राजा र शान्तिका राजा हुन्। यसबाहेक परमेश्वरले तिनलाई अब्राहामलाई आशिष् दिन पूर्णरूपमा बनाउनुभएको छ, परमेश्वरले छान्नु भएको महान् व्यक्तिलाई। अन्य दुई दाऊद र येशू ख्रीष्टलाई मल्कीशेदेकले आशिष् नदिएको देखिए पनि तिनीहरूले राजा र पूजाहारीको दुई वटा चरित्र, अद्वितीय योग्यता प्रस्तुत गरेका थिए।

## राजाहरू र पूजाहारीहरू

परमेश्वरको राज्यमा प्रभु येशू ख्रीष्टले हामीलाई हाम्रो परमेश्वर र पिताका राजाहरू र पूजाहारीहरू बनाउनुहुनेछ (प्रकाश १:६)। हामीसँग कस्तो अधिकार हुनेछ ?

राजा दाऊदले राजा र पूजाहारीको जिम्मेवारी प्रदर्शन गरेका थिए। तिनी राजा हुँदा तिनले यरूशलेममा परमप्रभुको सन्दुक ल्याएका थिए, त्यो समयमा तिनी सन्दुकको अघि नाचेका थिए, जब पूजाहारीहरूले आफ्नो काँधमा बोकेर ल्याएका थिए। राजा दाऊदले आफ्नो शाही पोशाक फुकाले र लाइनेन एपोद लगाएका थिए, जसको अर्थ तिनले आफैंलाई परमप्रभुको अघि नम्र पारेका थिए। एपोद पूजाहारीहरूको हो। दाऊदले होमबलि र शान्ति बलि दिए। त्यसपछि यरूशलेममा दाऊदले बनाएको मन्दिरभित्र करारको सन्दुकलाई राखिएको थियो (२ शमूएल ६:१३-१५)। दाऊदले राजा र पूजाहारीको जिम्मेवारीहरू प्रदर्शन गरे पनि तिनको देशले कहिल्यै शान्तिमा आनन्द गरेन किनकि तिनी सधैं लडाइँमा संलग्न हुन्थे। वास्तवमा, परमप्रभुले आफ्नो निम्ति मन्दिर निर्माण गर्न दाऊदलाई अनुमति दिनुभएको थिएन किनकि तिनले लडाइँमा धेरै रगत बगाएका थिए।

## प्रभु येशू ख्रीष्ट

जकरिया ९:९ मा हामीले येशूलाई राजाको रूपमा देख्छौं र हिब्रू ७:१६,१७ मा हामीले येशूलाई प्रधान पूजाहारीको रूपमा देख्छौं। हजार वर्षमा उहाँलाई दुवै राजा र पूजाहारीको कार्य दिइनेछ। राजा दाऊदले अगमवाणीको रूपमा भने, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैंभरिको निम्ति पूजाहारी हौ" (भजनसंग्रह ११०:४)।

## नयाँ करारको जग

जब अब्राम ९९ वर्षका भए, परमप्रभु तिनीकहाँ देखा पर्नुभयो र भन्नुभयो, "म सर्वशक्तिमान परमेश्वर हुँ, मेरो अघि हिँड्डुल गर र निर्दोष हो।" अब्रामको लागि यो करिबकरिब चेतावनी हो, जसले आफ्नो प्रतिज्ञा गरिएको पुत्रलाई पर्खने समयमा सबै थोकहरूमा परमेश्वरको आज्ञा पालन गरेनन्। अब्राममा तल दिइएका असफलताहरू थिए। त्यसैले, प्रतिज्ञा ढिलो भएको थियो।

१. जब कनान देशमा अनिकाल आएको थियो, अब्रामले साराई र लोतलाई मिश्र देशमा लगे। त्यहाँ तिनले आफ्नी पत्नीलाई तिनलाई दाजु भन्न लगाए किनकि तिनी मिश्रीहरूसँग डराएका थिए, कि तिनी सुन्दरी भएकी हुनाले तिनीहरूले तिनलाई लैजान सक्छन्। साराईलाई देखेर फारोका राजकुमारले तिनलाई फारोकहाँ लगे। तिनी केही समयको लागि दरबारमा थिइन्। फारोले अब्रामलाई राम्रो हेरविचार गरेका थिए र तिनलाई गाईबस्तु, पुरुष र महिला सेवकहरू दिएका थिए। सेवकहरूमध्ये हागार पनि तिनीहरूमध्ये एक थिइन्। परमप्रभुले फारोलाई विपत्तिले हान्नुभयो। फारोले आफ्नो पाप थाहा गरे र अब्राम र तिनका मानिसहरूलाई त्यहाँबाट

## TAX EXEMPTION

Donations by any individual or organization from India to **Echo of His Call Educational Trust** are eligible for Income Tax exemption under Section 80G of the Income Tax Act. Official receipts will be issued for this purpose. Please make your Demand Drafts / Cheques / M.O. for such donations in favour of **Echo of His Call Educational Trust** and send to us.

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |

निकालिदिए । तिनले साराईलाई फिर्ता पठाइदिए । यहाँ, मिश्र जानुअघि अब्रामले परमेश्वरसँग परामर्श गरेनन् ।

२. त्यसपछि परमप्रभु अब्रामकहाँ देखा पर्नु भयो र उहाँले तिनलाई आशिष् दिनेछु भनेर बताउनुभयो । यो कुरा सुनेर अबामले भने, तिनलाई कुनै सन्तान दिइएको थिएन र तिनीभन्दा अघि तिनको सेवक एलीजार थिए ! अनि परमप्रभुले भन्नुभयो, उनी तिनको उत्तराधिकारी बन्नेछैन र तिनको शरीरबाट आउने व्यक्ति तिनको उत्तराधिकारी बन्नेछ । परमप्रभुले तिनलाई बाहिर बोलाउनुभयो र आकासका ताराहरू हेर्न भन्नुभयो र तिनका सन्तान त्यस्तो आकारको हुनेछ (उत्पत्ति १५:१-५) भन्नुभयो । जब तिनी ७५ वर्षका थिए, तब प्रतिज्ञा आएको थियो ।

३. जब प्रतिज्ञा गरिएको पुत्र अगाडि आएको थिएन, यो जोडी अधैर्य भएको थियो । साराईले आफ्नी नोकरनी हागार अब्रामलाई दिइन् । तिनले कुनै विरोध गरेनन् ! तिनले उनलाई चिन्थे र ८६ वर्षको उमेरमा तिनले इश्माएललाई जन्माए ।

परमेश्वर प्रसन्न हुनुहुन्थेन । अब्राहाम ९९ वर्ष नभएसम्म उहाँ अब्रामसँग बोल्नुभएन । ती दिनहरूमा अर्को एउटा केटीसँग विवाह गर्नु पाप थिएन तर परमेश्वरले छान्नुभएको उचालिएको कार्यको निम्ति अब्राम नायक भएका थिए । यहाँ, अब्राहामले परमेश्वरको आज्ञा पालन गरेनन् ।

त्यसैले, परमेश्वरले अब्राम उहाँको अघि दोषरहित भएर हिँडेको चाहनुभयो । परमप्रभु करारमा प्रवेश गर्नु भयो र तिनीकहाँ जन्मने हरेक पुरुष र तिनका सन्तानहरूले जन्मेको आठौं दिनमा खतना गर्नुपर्छ भनेर आदेश दिनुभयो । करारचाहिँ मानिसहरूको पीडामा स्थापित भएको थियो । करारअनुसार परमप्रभुले तिनलाई अत्यन्तै वृद्धि गर्नुहुनेछ । परमप्रभुले अब्रामको नामलाई अब्राहाममा परिवर्तन गर्नुभयो किनकि तिनी धेरै देशहरूका पिता थिए । साराईलाई सारा भनिएको थियो किनकि उनी देशहरूकी आमा थिइन् र मानिसहरूका राजा तिनीबाट आउन लागेका थिए (उत्पत्ति १७:१-१६) । परमप्रभुले प्रतिज्ञा गर्नुभएअनुसार साराले एउटा पुरुष बच्चालाई जन्म दिइन् र तिनको नाम इसहाक राखियो । त्यो समयमा अब्राहाम १०० वर्ष र सारा ९० वर्षका थिए ! परमेश्वरमा केही कुरा पनि असम्भव छैन !

## सबैभन्दा महान् जाँच

अब परमेश्वरले अब्राहामलाई जाँच गर्न चाहनुभयो । परमप्रभुले भन्नुभयो, "अब तैले अत्यन्तै प्रेम गर्ने तेरो एक मात्र छोरा इसहास, तेरो छोरालाई लिई र मोरियाको भूमिमा जा र मैले तँलाई बताउने पहाडहरूमध्ये एउटामा होमबलिको रूपमा अर्पण गर् ।" यो कुरा तिनको टाउकोमा चट्याङ परेझै खसेको थियो । तर तिनलाई पुत्र दिनुहुनेले तिनलाई एक्लै र सुख्खा छोड्नुहुनेछैन भनेर तिनी निश्चिन्त थिए ।

अब्राहमले बिहानै आफ्नो पुत्रको साथमा यात्रा सुरु गरे र तिनले दाउरा लिए र बलिदानको रूपमा आफ्नो छोरालाई आगो दिए । बुबा र छोरा पहाडको टुप्पोमा पुगे, इसहाकले आफ्नो बुबालाई सोधे, "होमबलिको निम्ति थुमा कहाँ छ त ?" अब्राहामले भने, "मेरो छोरो, परमप्रभु आफैंले नै होमबलिको निम्ति थुमा जुटाउनुहुनेछ ।" बेदी बनाइएको थियो, अब्राहामले आफ्नो छोरालाई बाँधे र बेदीमा तिनलाई राखे ! अब्राहामले आफ्नो हात अघि बढाए र आफ्नो छोरालाई मार्न छुरा लिए । परमप्रभुको दूतले तिनलाई बोलाए र भने, "अब्राहाम, अब्राहाम, तेरो हातमा भएको केटोलाई केही हानि नगर् र तैले परमप्रभुको भय मान्छस् भनेर मैले थाहा पाएँ किनकि तैले आफ्नो एक मात्र पुत्रलाई बाँकी राखिनस् ।" बाइबलले भन्दछ, जब परमप्रभुले तिनको छोरालाई माग्नुभयो र "परमेश्वरलाई तिनलाई जीवित पार्न सक्नुहुन्थ्यो, मृत्युबाट पनि भन्ने विवरण तिनले दिए, जसबाट तिनले साङ्केतिक रूपमा फिर्ता पनि पाए" (हिब्रू ११:१७-१९) । "अब्राहामले परमेश्वरमाथि विश्वास गरे र त्यो तिनको लागि धार्मिकता गनियो" (गलाती ३:६) । अनि परमेश्वरले अब्राहामलाई सबै विश्वासयोग्यहरूका पिता बनाउनुभयो ।

परमेश्वरले सृष्टि गर्नुभएको आदम अनाज्ञाकारीताका कारण असफल भएका थिए । नोआका पुस्ता र तिनका सन्तान असफल भए (नोआ धर्मी थिए) । त्यसैले, उहाँलाई पुस्तौंदेखि पुस्तासम्म सेवा गर्न समर्पित पुस्ता हुन परमेश्वरले कल्दीहरूबाट धर्मी मानिस

....Contd. to page 6

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years
Certificate in Theology : One year
Diploma in Theology : Two years
Qualification : 10th Standard & above
Rush for Admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

फेब्रुअरी १९: मिसनमा केन्द्रित भएका सदस्यहरूका साथै हाम्रो मण्डलीलाई आशिष् दिनुभएको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

फेब्रुअरी २०: १९६९ देखि पत्रिका सेवकाइप्रति हाम्रो समर्पणतामा उहाँको प्रशस्त आशिष्को निम्ति परमेश्वरलाई धन्यवाद ।

फेब्रुअरी २१: हाम्रो बाइबलकोर र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूमा नयाँ विद्यार्थीहरू दिनुभएको निम्ति परमेश्वरलाई धन्यवाद ।

फेब्रुअरी २२: हाम्रो बोलावटको प्रतिध्वनिका सहसम्पादकहरू र उहाँहरूको परिवारहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

फेब्रुअरी २३: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूका निम्ति परमप्रभुको प्रशंसा गरौं ।

फेब्रुअरी २४: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २५: हाम्रा कर्मचारीहरूमाथि उहाँको प्रशस्त आशिष् वर्षाउनुभएको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २६: सबै मण्डलीका पास्टरहरू र सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २७: हाम्रो सुसमाचारीय छापाखानामा बोलावटको प्रतिध्वनि (१६ वटा भाषाहरू) प्रकाशन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

फेब्रुअरी २८: विगतको महिनामा हाम्रा आवश्यकताहरू पूरा गर्नुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मार्च १: हाम्रो सुसमाचारीय छापाखाना र दक्ष कर्मचारीहरूका साथमा यसको निरन्तर कार्यको निम्ति ।

मार्च २: हाम्रो हिन्दी अनलाइन ईश्वरशास्त्रीय कोर्सहरूमा उहाँको आशिष्को निम्ति परमेश्वरलाई धन्यवाद ।

मार्च ३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई हाम्रो परमप्रभु परमेश्वरले सबै दुष्ट शक्तिदेखि सुरक्षित राख्नुभएको छ ।

### प्रार्थनाको निम्ति बुँदाहरू

मार्च ४: सबै ख्रीष्टियान संस्थाहरूको सुरक्षा र आशिष्को निम्ति प्रार्थना गरौं ।

मार्च ५: सबै देशहरूको एकता र शान्तिको निम्ति प्रार्थना गरौं ।

मार्च ६: हाम्रा कर्मचारी सदस्यहरूको स्वास्थ्यको निम्ति प्रार्थना गरौं ।

मार्च ७: भारतको सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम गर्नको निम्ति प्रार्थना गरौं ।

मार्च ८: हाम्रा साझेदारहरू र प्रान्तीय संयोजकहरूका निम्ति प्रार्थना गरौं ।

मार्च ९: हाम्रो अङ्ग्रेजी सहसम्पादक भाइ एम. पावलराजको स्वास्थ्यको निम्ति प्रार्थना गरौं ।

मार्च १०: हाम्रा सबै सेवकाइका क्रियाकलापहरूका निम्ति प्रार्थना गरौं ।

मार्च ११: संसारमा भएका सबै महिलाहरू र बालबालिकाको सुरक्षाको निम्ति प्रार्थना गरौं ।

मार्च १२: यो महिनामा हाम्रा सबै आवश्यकता पूरा भएको होस् भनेर प्रार्थना गरौं ।

मार्च १३: संसारबाट कोरोना भाइरसको पूर्ण उन्मूलनको निम्ति परमेश्वरको कृपाको निम्ति प्रार्थना गरौं ।

मार्च १४: यो नयाँ वर्ष २०२२ मा प्रशस्त कृपाको निम्ति प्रार्थना गरौं ।

मार्च १५: हाम्रो देशमा परमेश्वरको आशिष् पाउन र यसको आर्थिक विकासको निम्ति परमेश्वरमा प्रार्थना गरौं ।

मार्च १६: संसारभरिका मानिसहरूको सुरक्षाको निम्ति प्रार्थना गरौं ।

मार्च १७: ओमिक्रोन महामारीबाट हामी हरेकका निम्ति परमेश्वरको सुरक्षाको निम्ति प्रार्थना गरौं ।

मार्च १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति प्रार्थना गरौं ।

*....Contd. from page 4*

छान्नुभयो (भजनसंग्रह २२:३०) । त्यसैले, अब्राहामलाई राजा दाऊद र येशू ख्रीष्टसँगैको स्थानमा राखिएको थियो ! अग्लो मानिस !

## राजा दाऊद

परमेश्वर इस्राएलका मानिसहरूका राजा हुनुहुन्थ्यो र शमूएचाहिँ अन्तिम न्यायकर्ता र अगमवक्ता थिए । इस्राएलका मानिसहरू शमूएलकहाँ आए र तिनीहरूलाई अगुवाइ गर्न र अरू राष्ट्रहरूझैं तिनीहरूका लडाइँमा लड्न राजाको माग गरे। शमूएल खुसी भएका थिएनन् । परमप्रभुले शमूएललाई यस्तो भन्नुभयो, "मानिसहरूले भनेका सबै कुरा सुन्। तिनीहरूले तँलाई इन्कार गरेका होइनन् । तिनीहरूले मलाई नै इन्कार गरेका हुन्, मलाई नै तिनीहरूले आफ्ना राजा बनाउन इन्कार गरेका हुन्" (१ शमूएल ८:७)। त्यसैले किशका छोरा बेन्यामेनी शाऊल इस्राएलको राजाको रूपमा छानिएका थिए।

परमप्रभुले शमूएलसँग बोल्नुभयो र इस्राएललाई प्रतिक्षा गरेको हुनाले अमालेकीहरूलाई दण्ड दिन शाऊललाई भन्नुभयो, जब तिनीहरू मिश्रबाट कनान देशमा आएका थिए। शाऊलले तिनीहरूलाई पूर्णरूपमा नाश गरेको र केही पनि बाँकी नराखेको परमेश्वरले चाहनुभएको थियो । शाऊल र तिनका सेनाले अमालेकीमाथि आक्रमण गरे र तिनीहरूका राजा अगागलाई जीवितै राखे र अन्य सबै मानिसहरूलाई पूर्णरूपमा नाश गरे । तिनीहरूले अगाग र सबैभन्दा राम्रा भेडाहरू, गाईगोरु, मोटा बाछाहरू, थुमाहरू र सबै असल थोकलाई बाँकी राखे। तिनीहरू घृणा गरेका र अर्थहीन कुराहरू तिनीहरूले नाश गरे ।

परमप्रभुको वचन शमूएलकहाँ आयो र परमप्रभुले भन्नुभयो, "शाऊललाई राजा तुल्याएकोमा मलाई पछितो लागेको छ किनभने त्यसले आफ्नो मुख मदेखि मोडेको छ र मेरो आज्ञा त्यसले पालन गरेको छैन" (१ शमूएल १५:११) । जब शाऊलले शमूएललाई देखे, तिनीले परमप्रभुका सबै आज्ञाहरू पूरा गरेका थिए भनेर बताए । त्यसछि शमूएलले भने, "मेरो कानमा परेका भेडाको आवाजचाहिँ के हो ? गाई-गोरुका आवाज म किन सुन्दैछु ?" (१ शमूएल १५:१४) । शाऊलले तिनलाई भने कि तिनले परमप्रभुलाई बलिदान दिनको निम्ति ती ल्याएका थिए। तर शमूएलले भने: होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रुचाउनुहुन्न र ? आज्ञापालन बलिदानभन्दा उत्तम हो र उहाँको वचन मान्नु भेडाको बोसोभन्दा असल हो । उहाँको आज्ञा उल्लङ्घन गर्नु तन्त्रमन्त्रको पापजस्तै हो, हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो। तपाईंले परमप्रभुको वचनलाई त्याग्नुभयो, यसैले परमप्रभुले पनि तपाईंलाई राजाको पददेखि त्याग्नुभएको छ" (१ शमूएल १५:२२,२३) ।

## दाऊद अभिषिक्त राजा

शमूएलले शाऊलको निम्ति शोक गरे । परमप्रभुले शमूएललाई सोध्नुभयो, "शाऊलको निम्ति तँ कहिलेसम्म शोक गरिरहनेछस् ?" तेरो सिङमा तेल भर् र बेथलेहेममा बस्ने यिशैकहाँ जा र त्यसका छोराहरूमध्ये एक जनालाई अभिषेक गर् । शमूएल बेथलेहेममा गए र छनोटको प्रक्रिया सुरु गरे। यिशैका आठ जना छोराहरू थिए र अन्तिम सानो दाऊदचाहिँ आफ्नो बुबाको भेडाबाख्रा चराउन बाहिर गएका थिए। शमूएल पहिलो एलीआबबाट प्रभावित भएका थिए। तर परमप्रभुले भन्नुभयो, "त्यो सुन्दर र अग्लो भए पनि त्यसको ख्याल नगर्। मैले त्यसलाई इन्कार गरेको छु । परमप्रभुले मानिसले झैं हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ" (१ शमूएल १६:७) । सबै सातै जना अगाडि आए तर कोही पनि छानिएनन् । त्यसपछि, दाऊदलाई बगालबाट बोलाइएको थियो । उनी राताराता गाला भएका चम्किला आँखा भएका व्यक्ति थिए । परमप्रभुले भन्नुभयो, "उठेर त्यसलाई अभिषेक गर् । व्यक्ति यही हो ।" शमूएलले दाऊदलाई तिनका दाजुहरूका बीचमा अभिषेक गरे र परमप्रभुको आत्मा तिनीकहाँ आउनुभयो । दाऊद इस्राएलको अभिषिक्त राजा भए पनि शाऊलले राजाको रूपमा शासन गरिरहेका थिए।

## दाऊदले गोल्यतलाई मारे

ती दिनहरूमा पलिश्तीहरू इस्राएलको विरुद्धमा आएको थियो र सोको र आजेकाको बीचमा छाउनी बनाएका थिए । त्यसको ठीक अघि एलाहमा पूरै लडाइँका बन्दोबस्तको साथमा इस्राएलका मानिसहरूले छाउनी बनाएका थिए । जब दुई छाउनीहरू एकअर्काको समुन्ने पर्थे, तीन मिटर अग्लो गोल्यत नाम भएको वीर पलिश्ती छाउनीबाट निस्कियो, त्यसले तिनीहरूमध्ये एक जनालाई आफ्नो विरुद्धमा लड्न पठाउन चुनौती दियो । त्यो आफ्नो छाउनीबाट निस्केर आयो र ४० दिनसम्म बिहान र बेलुकी चुनौती दियो ।

पलिश्तीलाई चुनौती दिन इस्राएलका मानिसहरूमध्ये कोही पनि रणभूमिमा जान सकेनन् र ती सबै भयभीत भएका थिए । यिशैका तीन जना छोराहरू इस्राएलको छाउनीमा थिए । दाऊद आफ्ना बुबाबाट खानेकुरा लिएर तिनीहरूलाई भेट्न जान्थे । दाऊदले पलिश्तीले चुनौती दिइरहेको र परमप्रभुको नाउँलाई सरापिरहेको सुन्यो । पलिश्तीलाई चुनौती दिने जो कोहीलाई पनि आफ्नो छोरी र अन्य धन सम्पत्ति दिने घोषणा शाऊलले गरे (१ शमूएल १७:२६) ।

पलिश्तीको चुनौतीको बारेमा कुराकानी गरेको हुनाले दाऊदका दाजुहरूले तिनलाई गाली गरे। तर दाऊद निरुत्साहित भएनन्। दाऊदले शाऊललाई भने, "त्यस पलिश्तीको कारण कोही पनि हताश नहोऊन् । म गएर त्यस पलिश्तीसँग लड्नेछु" (१ शमूएल १७:३२) । तिनले यस्तो पनि भने, "मैले सिंह र भालु दुवैलाई मारेको छु। यस बेखतनाको पलिश्तीको दशा तिनीहरूको भन्दा असल हुनेछैन किनकि त्यसले जीवित परमेश्वरको सेनालाई विरोध गरेको छ" (१ शमूएल १७:३६) । पलिश्तीलाई पराजित गर्न दाऊद आत्मविश्वासी थिए र शाऊलले दाऊदलाई भने, "जाऊ र परमप्रभु तिमीसँग होऊन् ।"

शाऊलले आफ्ना पोशाक दाऊदलाई लगाइदिए । तिनले पहिले ती कहिल्यै नलगाएको हुनाले तिनले सबै थोक खोले, तिनी नजिकैको खोल्सामा गए, पाँच वटा चिल्ला ढुङ्गाहरू लिए, आफ्नो गोठालोको झोलामा ती हाले, तिनले आफ्नो घुयँत्रो लिए र पलिश्ती गोल्यतको

नजिक गए। दाऊदको आकार र जिउडालको कारण गोल्यतले दाऊदलाई गिज्याए। त्यसले दाऊदलाई भन्यो कि त्यसले तिनको शरीरलाई आकासका चराहरू र जंगलका पशुहरूलाई खान दिनेछ। दाऊदले भने:

तँ (गोल्यत) त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस् तर म तँसँग लड्न तैले विरोध गरेका इस्राएलका फौजहरूका परमेश्वर, सर्वशक्तिमान परमप्रभुको नाउँमा आएको छु। आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ र म तँलाई मारेर तेरो टाउको काट्नेछु... किनभने लडाइँ परमप्रभुकै हो र उहाँले तिमीहरू सबैलाई हाम्रा हातमा सुम्पिदिनुहुनेछ (१ शमूएल १७:४५-४७)।

दाऊदले ढुङ्गा निकाले र त्यसलाई घुँयत्रोमा राखे र त्यो पलिश्तीको निधारमा गएर लाग्यो। ढुङ्गा त्यसको निधारमा गाडियो र त्यो अनुहारको बल ढल्यो। दाऊद कुदेर गए र पलिश्तीमाथि खडा भए, त्यसको तरवार निकाले र त्यसको टाउको काटिदिए। जब पलिश्तीहरूले आफ्नो वीर मानिस मारिएको देखे, तिनीहरू भागे। यहूदा र इस्राएलका मानिसहरूले पलिश्तीहरूलाई खेदे। दाऊदले गोल्यतको टाउको लिए र त्यसलाई यरूशलेममा लिएर आए।

त्यो इस्राएलको निम्ति विजय र उत्सव मनाउने दिन थियो। इस्राएलका सबै सहरहरूबाट स्त्रीहरू गाउँदै र नाच्दै बाहिर आए। तिनीहरूले भने:

शाऊलले हजारौं हजारलाई ध्वंश गरे र दाऊदले त लाखौं लाखलाई ध्वंश गरे।

शाऊल यो कुरा सुनेर डाहमा परेर प्रसन्न भएनन्। तिनले पहिले नै दाऊदबाट छुटकारा पाउने निर्णय गरे। त्यो समयदेखि दाऊदलाई ठूलो प्रशंसा दिइएको थियो, तिनले त्यसलाई पचाउन सकेनन्। दाऊद आफ्ना केही मानिसहरूका साथमा जीवनका निम्ति भागे र आफैंलाई डाँडाहुँदा र गुफाहरूमा लुकाए। दुई वटा अवसरहरूमा दाऊद शाऊललाई मार्न नजिक आए। तर तिनले शाऊललाई कुनै हानि गर्नबाट आफैंलाई अलग राखे। तिनले आफ्ना मानिसहरूलाई भने, "मैले आफ्ना मालिक, परमप्रभुका अभिषिक्त जनको केही हानि गर्ने कुरा मबाट परै रहोस् किनकि उहाँ परमप्रभुका अभिषिक्त जन हुनुहुन्छ" (१ शमूएल २४:६)।

त्यसपछि दाऊद जीपको मरुभूमिमा भएको जंगलमा गए। शाऊलका मानिसहरूले तिनलाई खेदे। दाऊद शाऊकको नजिक आए। तर दाऊदले आफ्ना मानिसहरूलाई परमप्रभुका अभिषिक्त जनका हानि नगर्न भनी आफ्ना मानिसहरूलाई भने। यो समयसम्म शमूएल बितिसकेका थिए र तिनलाई रामामा तिनको घरमा गाडिएको थियो।

शाऊलको निम्ति खराब दिनहरू सुरु भएको थियो किनकि पलिश्तीहरू तिनको विरुद्धमा सुनेममा आएका थिए। शाऊल आफ्नो भविष्यको बारेमा थाहा पाउन चाहन्थे र तिनी तन्त्रमन्त्र गर्ने स्त्रीकहाँ गए। तिनी खराब समाचारको साथमा बाहिर निस्किआए। लडाइँ सुरु भयो र लडाइँमा शाऊल र तिनका छोराहरू मारिए। दाऊद जिकलागमा थिए।

त्यसपछि दाऊलले यसो भन्दै परमप्रभुसँग सल्लाह मागे: "के म यहूदियाका कुनै सहरमा जाऊँ?" परमप्रभुले तिनलाई हेब्रोनमा जान भन्नुभयो। हेब्रोनमा यहूदियाका मानिसहरू आए र यहूदियामाथि दाऊदलाई राजा अभिषेक गरे! दाऊद त्यो बेलामा ३० वर्षका थिए। धेरै आश्चर्यपछि इस्राएलको घरानाले पनि दाऊदसँग भेट गऱ्यो र करार स्थापित गऱ्यो। तिनीहरूले दाऊदलाई पूरै इस्राएलको राजाको रूपमा स्वीकार गरे। दाऊदले ४० वर्षसम्म इस्राएलमा शासन गरे! दाऊद र तिनका मानिस यरूशलेमको विरुद्धमा गए, त्यसलाई कब्जा गरे र तयसलाई पूरै इस्राएलको राजधानी बनाए।

वास्तवमा इस्राएलमा राजा हुन परमप्रभुको स्वाभाविक चाहना दाऊद थिए। परमप्रभुले मानिसहरूका मागको कारण शाऊललाई छान्न अनुमति दिनुभएको थियो। त्यो परमेश्वरको चाहना थिएन।

## राजा दाऊदका गुणहरू

१. दाऊदले सबै थोकमा परमप्रभुलाई प्रशंसा दिए। तिनले परमेश्वरको महिमाको निम्ति ७३ भन्दा धेरै भजनहरू लेखे।

२. पलिश्तीको देशमा बस्न अबीमेलेकले दिएको अनुमतिलाई तिनले इन्कार गरे पनि दाऊदले परमप्रभुको प्रशंसा गरे, "हर बखत म परमप्रभुलाई धन्यको भन्नेछु, उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ" (भजनसंग्रह ३४:१)।

३. आफूलाई राजा बनाइएको निम्ति तिनी परमप्रभुप्रति कृतज्ञ थिए। "भेडाहरूको रखवाली गर्ने कामबाट उहाँले दाऊदलाई याकूबका सन्तान र आफ्नो उत्तराधिकार इस्राएलको गोठालो हुनलाई ल्याउनुभयो। दाऊदले हृदयको इमानदारीसाथ तिनीहरूलाई चराए अनि निपुण हातले तिनीहरूको नेतृत्व गरे" (भजनसंग्रह ७८:७१,७२)।

४. परमप्रभुले भन्नुभयो कि दाऊदलाई मेरो हृदयअनुसारको मान्छे पाएँ, जसले मेरा सबै इच्छा पूरा गर्नेछ" (प्रेरित १३:२२)।

५. दाऊदले लगभग सबै छिमेकी देशहरूलाई पराजित गरे र तिनीहरूलाई कर तिर्न लगाए। लडाइँमा जानुअघि तिनले परमेश्वरसँग परामर्श गर्न कहिल्यै असफल भएनन्। परमप्रभु आफैं तिनको निम्ति लड्नुभयो।

६. युवा हुँदा जब सिंह र भालु भेडा मार्न आएका थिए, तिनले आफ्नो हातले तिनीहरूलाई च्यातचूत पारिदिए। तिनले आफ्नो जीवन दिन हिचकिचाएनन्। येशूले भन्नुभयो, "असल गोठालो म नै हुँ। असल गोठालोले भेडाको निम्ति आफ्नो जीवन दिन्छ।" दाऊदलाई राजा बनाउन परमप्रभुलाई यही चरित्रले प्रभावित पारेको थियो।

७. तिनले आफ्ना सम्बन्धित मानिसहरूलाई संचालनको जिम्मेवारी दिएका थिए र तिनी इस्राएलमा सबैभन्दा राम्रो राजा थिए। तिनका दिनमा मानिसहरू अत्यन्तै खुसी थिए!

८. दाऊदको मृत्युपछि तिनीपछि आउने सन्तानलाई उहाँले उचाल्नुहुनेछ, जो तिनको शरीरबाट आउनुहुनेछ र परमप्रभुले उहाँको राज्य स्थापित गर्नुहुनेछ भनेर तिनलाई प्रतिज्ञा गर्नुभयो। तिनले परमप्रभुको नाउँमा घर निर्माण गर्नेछन् र परमप्रभुले उहाँको राज्यको सिंहासन सदाको निम्ति स्थापित गर्नुहुनेछ।

९. तापनि दाऊद दोषरहित थिएनन्। तिनले बेतसेवाको विरुद्ध अत्यन्तै नराम्रो अपराध गरे,

जो तिनको दरबार नजिकै हित्तीसँग विवाह भएकी स्त्री थिइन् । तिनको पति लडाइँमा गएका थिए । जब दाऊद आफ्नो महलका छतमा घुमिरहेका थिए, तिनले एक जना स्त्री नुहाइरहेकी देखे । तिनको आँखा उनीमाथि पर्‍यो। तिनले आफ्ना मानिसहरूलाई उनलाई तिनको दरबारमा ल्याउन पठाए। तिनी उनीसँग सुते र तिनलाई फिर्ता पठाइदिए । जब उनी गर्भवती भएकी छिन् भनेर तिनलाई थाहा भयो, दाऊद अधीर बने र तिनको पतिबाट छुटकारा पाउने चाहना गरे। तिनले यो काम चलाखी तरिकाले गरेका थिए । नातान अगमवक्ताले राजाको अघि सो अपराध अघि ल्याए । दाऊदले आफ्नो अपराध स्वीकार गरे, रोएर विलाप गरे । तिनी परमेश्वरको हृदयको नजिकै भए पनि राजाले दण्ड पाउनै पर्थ्यो। दण्ड अत्यन्तै गम्भीर थियो। दाऊदले आफ्नो पाप स्वीकार गरे र परमप्रभुको क्षमाको खोजी गरे । परमप्रभुको प्रशस्त अनुग्रहद्वारा उहाँले तिनलाई क्षमा गर्नुभयो ।

राजा दाऊद सबै मापदण्डबाट इस्राएलका सबैभन्दा राम्रो राजा थिए । तिनको व्यस्त समय भए पनि तिनी परमप्रभुसँग हिँड्थे । तिनी राजाका साथै पूजाहारी पनि थिए, परमप्रभुको सन्दुक यरूशलेममा ल्याउने समयमा थोरै समयको लागि भए पनि। दाऊद येशू खीष्टको वंशवालीमा विशेष स्थानको योग्यका छन् ।

## येशू खीष्ट

येशू खीष्ट परमेश्वर हुनुहुन्छ । उहाँ त्रिएक परमेश्वरमध्ये एक सदस्य हुनुहुन्छ, जसलाई परमेश्वरको पुत्र भनिन्छ। उहाँ मसीह हुनुहुन्छ, जो राजाहरूका महाराजा र प्रभुहरूका महाप्रभु हुन लाग्नुभएको छ। उहाँ दुवै राजा र प्रधान पूजाहारी हुनुहुन्छ । उहाँ संसारको पाप उठाइलैजानको निम्ति बलिदान गर्ने थुमाको रूपमा मर्न यस संसारमा आउनु भयो। अब उहाँ राजा र प्रधान पूजाहारीको रूपमा आउनुहुनेछ, जसले मल्कीसेदेकको दुवै चरित्र लिनुहुन्छ । उहाँ मल्कीसेदेकभन्दा महान् हुनुहुन्छ, जसको सुरुवात र अन्त्य छैन । पुनरुत्थान हुनुभएको येशू अब परमेश्वरको दाहिने बाहुलीमा विराजमान हुनुहुन्छ (भजनसंग्रह ११०:१) ।

## सारा शक्ति येशूलाई दिइएको छ

पिताले येशूलाई संसारलाई न्याय गर्ने शक्ति दिनुभएको छ (यूहन्ना ५:२२) । पिताले सबै थोक उहाँको हातमा राखिदिनुभएको छ र उहाँ परमेश्वरबाट आउनुभएको थियो र उहाँ परमेश्वर हुन लाग्नुभएको थियो भनेर येशूलाई थाहा थियो। उहाँले आफ्ना चेलाहरूको गोडा धुन सुरु गर्नुभयो, यसरी आफैंलाई नम्र पार्नुभयो (यूहन्ना १३:३-५)। पुनरुत्थान हुनुभएको येशूले आफ्ना चेलाहरूलाई घोषणा गर्नुभयो कि, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ” (मत्ती २८:१८,१९) ।

## येशू फेरि आउनुहुनेछ

हाबिलको दिनदेखि बप्तिस्मा दिने यूहन्नासम्म सबै मरेका धर्मीह अहिले स्वर्गलोकमा विश्राम गरेका छन् । सानै नयाँ जाँचका दिनहरूका समयमा खीष्टमा मरेकाहरू पनि स्वर्गलोकमा विश्राम गरिरहेका छन् । बाइबलले भन्दछ, “किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ र खीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकासमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं (१ थेसलोनिकी ४:१६-१७) । पुनरुत्थानपछि प्रभु येशू खीष्टले हामीलाई स्वर्गमा अगुवाइ गर्नुहुनेछ ।

प्रभुको आगमनको समय कसैलाई पनि थाहा छैन। पितालाई मात्रै थाहा छ। प्रभुको आगमन खीष्टविरोधीको उदयसँगै हुनेछ किनकि छानिएकाहरूले त्यस र त्यसको बेइमानी शासनको सामना गर्नुपर्नेछैन भनेर केही मानिसहरूले भन्छन्। १ थेसलोनिकी २:३ का केही उद्धरणहरू र पहिले विद्रोह नभएसम्म पापको मानिस अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन भन्छन्। धर्मी मृतकहरू र खीष्टमा मरेकाहरू र खीष्टमा जीवित भएकाहरूलाई लिन येशू आउनुहुन्छ। यो आकस्मिक कुरा हो। संसारको सुरुवातदेखि योचाहिँ परमप्रभुको फल हो, जुन आदमदेखि प्रभुको आगमन नभएसम्म करिब ६००० भन्दा अधिक वर्षको निम्ति हो ।

परमेश्वरको राज्यको निम्ति प्रभु येशू खीष्टले अर्को भीड हेरिरहनुभएको छ । यसले १२ कुलहरूको १२,००० ले १ लाख चौवालिस हजार बनाउँछ– हरेकले स्वर्गदूतले दिएको छाप निधारमा लगाएका थिए (प्रकाश ७:१-८) । यो सूचीमा दानको कुल छैन किनकि तिनीहरूले बृहत् रूपमा मूर्तिपूजामा रहेका थिए (उत्पत्ति ४९:१७, न्यायकर्ता १८:३०, १ राजा १२:२८,२९) । तापनि जम्मा सङ्ख्या १२ नै रहेको छ किनकि मनश्शेको कुललाई समावेश गरिएको छ । परमप्रभुले विशेष रूपमा इस्राएलका जातिहरूमध्ये एक लाख चौवालिस हजारलाई व्यवहार गर्नुहुनेछ र हजार वर्षको शासनमा वृद्धि हुन अनुमति दिनुहुनेछ । आठ जनाको परिवार ४००० भन्दा अधिक वर्षमा ७०० करोडभन्दा धेरैमा वृद्धि भएको छ (२००१ + २००० भन्दा बढी) त्योचाहिँ नोआको दिनदेखि आजसम्म हो ! त्यसैले, यो १।४४ लाखले १००० वर्षको समयावधीमा ७०० करोडभन्दा धेरै जना उत्पादन गर्न सक्छ, जहाँ राजाहरूका राजा र प्रभुहरूका महाप्रभुले शासन गर्नुहुनेछ । हजार वर्षको समयमा पहिले नै छानिएकाहरू स्वर्गदूतहरूका रूपमा शान्त अवलोकनकर्ताको रूपमा रहनेछन् । त्यसैले परमेश्वरको राज्यको निम्ति पहिले नै छानिएका र भविष्यमा छानिनेहरू १.४४ लाखबाट वृद्धि हुनेछन्, जसलो ठूलो भीड निर्माण गर्नेछ। पिता परमेश्वर, परमेश्वर पुत्र यो महान् भेला देखेर आनन्दित हुनुहुनेछ !

त्यसैले, सारा मापदण्डमा येशू खीष्ट राजा र प्रधान पूजाहारीले मल्कीसेदेकभन्दा धेरै प्रेम र आदरमा आनन्दित हुनुहुनेछ । प्रभुले हामीलाई अचम्मको भूमिमा, परमेश्वरको राज्य (अनन्त) मा लैजानुभएको होस् ।



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**“जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।**

### मेरो पृष्ठभूमि

हाम्रो मासिक पत्रिका बोलावटको प्रतिध्वनिमा हामीले वर्षौंदेखि खाडलदेखि महलसम्म भन्ने स्तम्भमा परमेश्वरको प्रशस्त अनुग्रह प्रकाशन गर्दै आएका छौं। त्यहाँ मैले विभिन्न तरिकाहरूका बारेमा लेखेको छु, जसमा परमप्रभु परमेश्वरले मलाई अगुवाइ गर्नुभएको थियो।

परमेश्वरका सबै बलिया तरिकाहरूका बारेमा एउटा पुस्तक लेख्न पवित्र आत्माले मलाई प्रेरणा पनि दिनु भएको थियो, जसबाट परमप्रभुले मलाई डोऱ्याउनुभएको थियो र मेरो जीवनको सुरुवातबाट मलाई उचाल्नुभएको थियो। म बिरामी हुँदा र अन्य अवसरहरूमा मैले परमेश्वरलाई प्रतिज्ञा गरेको थिएँ र मेरा केही पाठकहरूका बलिया चाहनाहरूले यो पुस्तक लेख्न सुरु गर्न मलाई प्रेरित गरेको थियो।

यो काम धेरै वर्षदेखि रोकिएको थियो। अचानक ५ डिसेम्बर २०२१ को आइतवारको साँझ हामीले मेरो छोरा पास्टर एलेक्स सामसन सामको जन्मदिनको साथमा “साथीहरूको आइतवार” भन्ने कार्यक्रम पनि गरेका थियौं। त्यो कार्यक्रममा सहभागी भएपछि म करिब १२ बजेतिर सुत्न गएँ। पवित्र आत्माले मेरो भित्री भावनाहरू र सपनाहरूसँग करिब ३ घण्टासम्म सामना गर्नु भयो।

ठीक बिहान ३ बजे प्रभु येशू ख्रीष्टले मलाई उठाउनुभयो र यो काम सुरु गर्न लगाउनुभयो। मेरो आत्मिक आँखाअघि प्रभुले तल दिइएको पद दिनुभयो:

“मैले बोलाउँदा अब्राहाम एक मात्र थियो र मैले त्यसलाई आशिष् दिएँ र त्यसलाई धेरै बनाएँ” (यशैया ५१:२)।

त्यसपछि उहाँले मलाई बाइबल, नोटबुक र कलम लिन बाध्य पार्नु भयो। मैले घुँडा टेकें र भनें, “प्रिय पिता! म तपाईंको आज्ञा पालन गर्छु र मेरो साँचो जीवन लेख्न म आफैंलाई समर्पित गर्छु। यो पुस्तक लेख्न पूरा नभएसम्म र विभिन्न भाषाहरूमा प्रकाशन नभएसम्म तपाईंको अनुग्रहले मलाई बचाउनुभएको होस्।” यो काम सुरु गर्न प्रभुले मलाई विश्वास दिनुभयो।

मेरो बाल्यकालको तस्वीरहरू मसँग थिएन। त्यसैले, स्केचहरू सृजना गर्न हाम्रो कार्यालयमा काम गर्ने मेरो सहकर्मी बहिनी डेजी रानीलाई भन्न प्रभुले मलाई प्रेरणा दिनुभयो। यस्ता स्केचहरूका साथमा मलाई सहायता गर्न तिनी अगाडि पनि आएकी थिइन्।

मैले यी अवस्थाहरूमा यो पुस्तक लेख्न सुरु गरेको थिएँ।

### मेरो बाल्यकाल:

मेरी आमा रोजलेट भारतको सबैभन्दा दक्षिणी भाग कन्याकुमारी जिल्ला, नेयोरमा भएको नेल्लाराइक्कोनाबाट आउनुभएको थियो। मेरो बाजे मार्थाडान कट्टर हिन्दू आराधक हुनुहुन्थ्यो। उहाँको छोरो, मेरो हजुरबुबा नारायनान पनि समर्पित हिन्दू हुनुहुन्थ्यो। दिनहरू बित्दै जाँदा उहाँहरू दक्षिण भारतको मण्डलीको सेवकाइद्वारा विश्वासी हुनु भयो। मेरो हजुरबुबाको नाम नथानेलको रूपमा परिवर्तन भयो। उहाँले दक्षिण भारतको कोलाचेल-उदाइयारभिलाइकी नानाप्पु नाम भएकी स्त्रीसँग विवाह गर्नुभयो। उहाँको पहिलो छोरी रोजलेट मेरी आमा हुनुहुन्थ्यो।

मेरो बुबाको नाम सेल्भा दास र उहाँको बुबाको (मेरो हजुरबुबा) नाम शमूएल नेयूर दक्षिण भारत मण्डली, नेल्लाराइकोन्नामका सदस्य हुनुहुन्थ्यो। मेरो बुबाकी आमा श्रीमती मीथाम्मल पल्लीयारीबाट आउनुभएकी थिइन् र उहाँ विश्वासी हुनुहुन्थ्यो। मेरो हजुरबुबा शमूएल प्रसिद्ध नेयूर दक्षिण भारत चर्च अस्पतालमा कम्पाउण्डर (पुरुष नर्स) को रूपमा

**Echo of His Call Postal Courses**

**1. BIBLECOR**

We offer Postal Course on Basic Truths of The Bible to new Christians and non-Christians in English – 57 pages, Hindi – 76 pages & Tamil – 96 pages. You will get a course book entitled **New Life – For You!** **After the completion of this course, you will get a certificate. There will be no compulsory fees. You will be blessed!**

**2. THEOLOGICAL CORRESPONDENCE COURSE**

Advanced Distance Education called **Theological Correspondence Course** is available in English – 537 pages and Tamil – 652 pages for Pastors, Evangelists, Christian Leaders and for lay people who have passion to do God's Ministry! A fee of Rs. 1000/- is charged. 7 Books with 149 Chapters are supplied. **Certificate in Ministry** will be awarded. **God will bless you!**

***For more details, write to us.***

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

काम गर्नुहुन्थ्यो । उहाँले डा. शामेर्भेलको अधीनमा काम गर्ने अवसर पाउनुभएको थियो, जो यूरोपेली हुनुहुन्थ्यो । यही डाक्टरले संसारको सबैभन्दा उच्च हिमाल सगरमाथामा चढ्ने रेकर्ड बनाउनुभएको थियो । मेरो हजुरबुबाले परमेश्वरको सेवकाइको रूपमा आफ्नो मेडिकल सेवालाई विचार गर्नु भयो र आफ्ना छोराछोरी र मण्डलीअघि उदाहरणको रूपमा जिउनुभयो । मेरा हजुरबुबाआमाले मेरो जीवनमा बलियो आत्मिक जग निर्माण गर्नुभएको थियो । **(क्रमशः)**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |

SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps **(Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.)** to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATIONS BY ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th FEBRUARY 2022**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**